## शसत्र वनरक्षक गस्ति परिचालन तथा कार्य विवरण सम्बन्धि कार्ययोजना

शसस्त्र वनरक्षक गस्ती परिचालनले वन क्षेत्रको सुरक्षा र संरक्षण सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ। यो कार्य योजना वन्यजन्तु संरक्षण, अवैध वन कटान नियन्त्रण, वन क्षेत्रको निगरानी, तथा स्थानीय समुदायसँग समन्वयका लागि बनाइएको छ। तल यसका मुख्य बुँदाहरू समावेश छन्:-

### १. गस्ती परिचालनको उद्देश्य

- वन सम्पत्तिको संरक्षण।
- अवैध गतिविधिहरू नियन्त्रण (जस्तै अवैध कटानी, चोरी सिकार) ।
- वन्यजन्तुको अवैध तस्करी रोकथाम ।
- अतिक्रमण नियन्त्रण
- आगलागी नियन्त्रण तथा प्रकोप व्यवस्थापन।
- स्थानिय समुदायसँग सहकार्य गरेर वातावरणीय सचेतना फैलाउने ।

### २. गस्ती परिचालनका चरणहरू

(क) गस्तीको तयारी

- **गस्ती टोली गठन:** टोलीमा शसस्त्र वनरक्षक, सबडिभिजन कर्मचारी, र स्थानिय सहयोगी।
- **आवश्यक सामग्रीको व्यवस्था:** हतियार, संचार उपकरण, प्राथमिक उपचार सामग्री, नक्सा, GPS उपकरण।
- **गस्ती योजना:** लक्ष्य क्षेत्र, समय, र रुट निर्धारण।

(ख) गस्ती सञ्चालन

- नियमित र आकस्मिक गस्ती।
- गस्तीको क्रममा अवैध गतिविधि भेटिएमा तत्काल रोपोटिङ।
- वन व्यवस्थापनको अवस्थाको निरिक्षण।
- कटान प्लटमा अवस्था निरीक्षण।

(ग) रिपोर्टिङ र समीक्षा

- गस्तीबाट संकलित जानकारी संकलन गर्ने ।
- प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- गस्तीको समीक्षा गर्दै वन क्षेत्र संरक्षणको रणनीति तयार गर्ने।

मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजन वन अधिकृत

## ३. कार्यको मुख्य विवरण

- **अवैध कटान नियन्त्रण:** अवैध रूपमा काटिएका काठ तथा सामग्री नियन्त्रण।
- **सामाजिक सचेतना कार्यक्रम:** स्थानिय बासिन्दासँग समन्वय गरी अवैध गतिविधि न्यूनीकरण।
- **सीमा निगरानी:** संरक्षित क्षेत्रको सीमाना निर्धारण तथा निगरानी।
- **वन व्यवस्थापन कार्यको नियमन तथा अनुगमन:** वन व्यवस्थापन कार्यको निरीक्षण कटान प्लटको अवलोकन वनक्षेत्रको अवस्थाको अवलोकन तथा सदुपयोग कार्यको जानकारी।
- **वन अतिक्रमण नियन्त्रण:** राष्ट्रिय वनक्षेत्रमा भएको वन अतिक्रमणमा संलग्न व्यक्तिहरूको पहिचान तथा नियन्त्रण एवं अतिक्रमण हटाउने कार्य।
- **सिकार नियन्त्रण:** वन्यजन्तुको चोरी सिकारमा संलग्न व्यक्तिहरूलाई नियन्त्रण।

## ४. गस्तिको अवधी

हरेक महिना कम्तिमा १ हप्ते लामो गस्ति २९ किमि भन्दा बढी (नियमित र आकस्मिक बाहेक)

## ५. गस्तिको आर्थिक भार तथा बजेटिङ

गस्ति परिचालनमा सकेसम्म लामो दुरीमा कार्यालयले बजेटले भ्याएसम्म दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सक्नेछ । हतियार सहित जाँदा कार्यालयले गाडि उपलब्ध गराउनेछ तर दैनिक भ्रमण भत्ता शिर्षकको बजेट अपुग भएमा परिचालन खर्च र आतेजात मात्र व्यहोरिनेछ ।

## ६. गस्ति पछि पेश गर्नु पर्ने प्रतिबेदनको ढाँचा

<u>गस्ति पछि पेश गर्नु पर्ने प्रतिबेदन</u>

१.गस्ति गरिएको स्थान

२.गस्ति अवधी

३.गस्तिमा गरिएका कार्यहरु

क

ख

ग

मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजन वन अधिकृत

घ

४.गस्तिमा भेटीएका दशिप्रमाण

५.गस्ति गरिएको वनक्षेत्रको अवस्थाको विवरण(वनको प्रकार/अवस्था/भइरहेको वन व्यवस्थापनका कार्य आदी)

६.कटान क्षेत्रको अवस्था

क माउरुको अवस्था

ख पुनरउत्पादनको अवस्था

ग वृक्षरोपणको अवस्था

७.अन्य केहि भए

८.फोटोहरु

९.गस्ति टोलीको बिबरण

क.गस्ति प्रमुखको नाम:-

ख.गस्तिमा संलग्न सदश्यहरु:-

| ............... | ..................... | ..................... | ..................... | .................... | ..................... |
|---|---|---|---|---|---|
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |

मिति.............................................................................................................................................।